नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# केन्द्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाडौं

पत्र संख्याः २०७३।०७४
चलानी नम्बरः २०६

फो.नं. ०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

मिति : २०७३/०७/११

**विषय : निवृत्तिभरण पाउनेले सामाजिक सुरक्षा भत्ता नपाउने ।**

श्री जिल्ला विकास समितको कार्यालय, सबै
श्री काठमाडौं महानगरपालिका कार्यालय, काठमाडौं
श्री उपमहानगरपालिकाको कार्यालय, सबै
श्री नगरपालिकाको कार्यालय, सबै

उल्लेखित विषयमा जिविसको कार्यालय तेह्रथुमको च.नं. २२४ मिति २०७३/०६/१२ को पत्र उपर कारवाही हुँदा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ८ को प्रतिवधात्मक वाक्यांशमा "नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारको मासिक सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरुक्षा भत्ता नपाउने" उल्लेख भए अनुसार पतिको मृत्यु पछि पतिको तर्फबाट पेन्सन सुविधा पाउने एकल (विधवा) महिलालाई सामाजिक सुरक्षा भत्ता दिन नमिल्ने भनी नेपाल सरकार (सचिव स्तर) बाट मिति २०७३/०७/१० मा निर्णय भएकाले सोही अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

2063/06/12

समिता पोखेल
(शाखा अधिकृत)